# जनकपुरधाम उप-महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**जनकपुरधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

पत्र संख्या: ०७९/८०  फोन नं. : ०४१-५२०१४६, ५२०५१०

चलानी नं. 2602  बारुण-यन्त्र: ०४१-५२०५२०, ५२००११


मिति: २०८०/०२/२३

**विषय: सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन नगर्ने सम्बन्धमा।**

श्री जो जससँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, धनुषाको प.स. ०७९/०८० (प्रशा.) च.नं. १०९०५ मिति २०८०/०२/१८ गते प्राप्त पत्रानुसार सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ४ बमोजिम सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्न नहुने व्यवस्था रहेको हुँदा सोही अनुसार गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यदि धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्न रोक लगाउँदा नमानेमा वा पटक पटक धुम्रपान वा सूर्तीजन्य पदार्थ सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुवै सजाय गर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

***सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ३ बमोजिम देहायका स्थललाई सार्वजनिक स्थल मानिनेछ।***

- राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय
- शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था
- विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन
- बालकल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब
- सार्वजनिक शौचालय
- उद्योग तथा कल कारखानाका कार्यस्थल
- चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला
- होटेल, मोटेल, रिसोर्ट, रेस्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, अतिथी गृह, छात्र तथा छात्रावास
- रंगशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस
- डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट
- धर्मशाला तथा धार्मिक स्थल
- सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर

(रत्नेश शशि)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

१. श्री जिल्ला प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा
२. श्री सूचना तथा प्रविधि शाखा, ज.उ.म.न.पा.- Website मा upload गरिदिनुहुन

**सादर अवगतार्थ:**

१. श्रीमान् नगर प्रमुखज्यू, जनकपुरधाम उप-महानगरपालिका, जनकपुरधाम
२. श्रीमान् नगर उप-प्रमुखज्यू, जनकपुरधाम उप-महानगरपालिका, जनकपुरधाम
३. श्रीमान् वडाध्यक्षज्यू (सबै वडा), जनकपुरधाम उप-महानगरपालिका, जनकपुरधाम